# सम्मरीमाई गाउँपालिका
**SAMMARIMAI RURAL MUNICIPALITY**

# गाउँ कार्यपालिकाको कार्यालय
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**

फरेना,रुपन्देही
**FARENA, RUPANDEHI**

लुम्बिनी, प्रदेश नेपाल
**Lumbini, Province Nepal**

प.स./Ref No२०८३/०८४
च.न./DispatchNo.

मिति:२०८३/०७/१६

**९०% अनुदानमा च्याउको बिउ (SPAWN) र प्लाष्टिक थैला माग गर्ने सम्बन्धी**

**सूचना ! सूचना !! सूचना !!!**

उपरोक्त सम्बन्धमा सम्मरीमाई गाउँपालिकाको आ.व २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक कन्ये/गोब्रे च्याउ खेति सम्बन्धि तालिम तथा च्याउको बिउ(SPAWN) र प्लाष्टिक थैला ९०% अनुदानमा बितरण कार्यक्रम रहेकोहुनाले यस सम्मरीमाई गाउँपालिका भित्रका इच्छुक कृषक समूह/कृषि फर्म/कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरि कृषि विकास शाखामा माग पेश गर्नुहुन सम्बन्धीत सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>आवश्यक कागजातहरु:</u>**

**<u>१. कृषक समूह / कृषि फर्मको हकमा</u>**

- निवेदन,नागरिकता प्रमाण पत्रको प्रतिलिपी,
- कृषक समूह / कृषि फार्मको दर्ता प्रमाण पत्रको प्रतिलिपी,
- कृषक समूह / कृषि फार्मले कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी,
- कृषक समूह / कृषि फार्मको PAN प्रमाण पत्रको प्रतिलिपी,
- कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।

**<u>२.कृषकको हकमा</u>**

-निवेदन ,

-नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

**(नोट:कृषकको हकमा कम्तिमा ५ पैक च्याउको बिउ माग गर्नुपर्ने छ।)**

०८३/०६/१६

**नरेन्द्र यादव**
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:** श्री सुचना प्रविधि शाखा( सबै वडा कार्यालयमा इमेल तथा गाउँपालिकाको वेबसाइटमा अपलोड गरिदिनुहुन)।

**Email:-sammarimairm@gmail.com**
**ito.sammarimai@gmail.com**
**Website:-sammarimaimun.gov.np**
**Office Phone No:-9779857016956**

मितिः.....

श्रीमान,

कृषि अधिकृत ज्यू,

सम्मरीमाई गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय,फरेना,रुपन्देही।

विषयः.....कार्यक्रममा सहभागी हुन् प्रस्ताव पेश गरेको बारे।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ कार्यालय वाट मिति ..... गते प्रकाशित सूचना अनुसार च्याउ खेति सम्बन्धी तालिम तथा च्याउको बिउ र प्लाष्टिक थैला वितरण कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले निवेदनका साथमा निम्न बमोजिम आवश्यक कागजातहरु संलग्न राखी तल उल्लेखित तपसिलको परिमाणमा बिउ र प्लाष्टिक थैला माग गरेको हुदा उक्त कार्यक्रममा सहभागी गराईदिनुहुन यो निवेदन पेश गरेको छु।

| क्र स | च्याउको बिउको परिमाण(४०० ग्राम) | प्लाष्टिक थैलाको परिमाण | कुल अनुमानित मूल्य | च्याउ खेतिको उद्देश्य तथा अन्य आवश्यक क्रियाकलाप |
|---|---|---|---|---|
| | | | | |

निवेदक

कृषक/कृषक समुहको नामः.....

ठेगानाःसम्मरीमाई गा.पा वडा न.....टोल.....

मोवाईल न.

दस्तखतः

छाप